**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम**

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको आ.व. २०७९।८० को पहिलो त्रैमासिक (श्रावण - आश्विन) प्रगति विवरण



नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

सिंहदरबार, काठमाडौं

# त्रैमासिक प्रतिवेदन (२०७९ श्रावण देखि २०७९ आश्विनसम्म)

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको स्वरुप र प्रकृति

विश्वका हरेक मुलुकमा व्यक्ति विशेषको प्रमाणीकरणका लागि सरकारको तर्फबाट नागरिक पहिचान पत्र प्रदान गर्ने गरेको पाइन्छ। नेपालमा पनि सरकारको तर्फबाट नागरिक लागिलाई प्रदान गर्ने सेवा तथा सरकारको नियन्त्रण एवं अनुगमनमा अन्य सार्बजनिक निकायले प्रदान गर्ने सेवाका लागि सरकारबाट जारी गरिएको व्यक्ति पहिचान पत्रलाई उपयोग गरी सार्वजनिक सेवा प्रवाह गर्ने कार्य भैरहेको छ। नेपालमा नागरिक पहिचानको मुख्य आधारको रुपमा नेपाली नागरिकता प्रमाण पत्र प्रदान गर्ने अभ्यास विगत लामो समयदेखि हुँदै आएको छ। एकीकृत, सुदृढ एवं प्रविधिमैत्री प्रणालीको अभावमा एउटै मानिसका विभिन्न ठाउँमा फरक-फरक पहिचान हुन सक्ने सम्भावना रहेको अवस्थामा सर्वप्रथम आर्थिक वर्ष २०६६।०६७ को बजेट वक्तव्यको शान्ति सुरक्षा जनताको अपेक्षा शीर्षकमा "सबै नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्रको रुपमा निर्वाचनमा समेत प्रयोग गर्न सकिने गरी फोटो सहितको बायोमेट्रिक स्मार्टकार्ड वितरण गरिने छ। वृद्ध भत्ता तथा अन्य सामाजिक सुरक्षा भत्ताहरु पनि यसै कार्डको प्रयोग गरी जुनसुकै बैंकबाट रकम निकाल्न सकिने व्यवस्था गरिने छ। यो परिचयपत्र सम्बन्धी व्यवस्थाको कार्यान्वयन, व्यक्तिगत घटना दर्ताको केन्द्रीय अभिलेखन र सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयनका लागि एउटा छुट्टै केन्द्रीय निकाय खडा गरिने छ" भनी उल्लेख गरिएको थियो।

नेपाल सरकारको २०६७।३।१६ गते को निर्णय अनुसार गृह मन्त्रालय अन्तर्गत विभागीय निकायको रुपमा मिति २०६७।४।१ गते राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्रको स्थापना भयो। त्यस्तै तत्कालीन स्थानिय बिकास मन्त्रालय अन्तर्गत विभागीय निकायको रुपमा मिति २०७१।६।३० मा पञ्जीकरण बिभागको स्थापना भयो। नेपाल सरकार, मन्त्रीपरिषद्को मिति २०७५/०६/२८ गतेको निर्णय अनुसार गृह मन्त्रालय अन्तर्गत रहेको राष्ट्रिय परिचयपत्र व्यबस्थापन केन्द्र र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत जन्म, मृत्यु, विवाह, सम्वन्ध विच्छेद र बसाइँ सराइँ जस्ता व्यक्तिगत घटनाहरुको दर्ता व्यवस्थापन एवं नियन्त्रण र सामाजिक सुरक्षा कार्यक्रमको सञ्चालन व्यवस्थापनको प्रमुख जिम्मेवारी रहेको केन्द्रीय पञ्जीकरण बिभाग एकीकरण भई गृह मन्त्रालय अन्तर्गत रहने गरी **राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग** गठन भएको छ।

नेपाल सरकारको कार्य विभाजन नियमावली अनुसार गृह मन्त्रालयको कार्यक्षेत्र भित्र राष्ट्रिय परिचयपत्र व्यवस्थापन, पञ्जीकरण तथा सामाजिक सुरक्षा सम्बन्धी नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन सम्बन्धी विषय उल्लेख भएकोले यस विभागले सम्पादन गर्ने कार्यहरु मुलुकको शान्ति, सुरक्षा, सुव्यवस्था एवं सुशासन र समृद्धिसँग प्रत्यक्ष सम्बन्धित रहेको छ।

नेपालको संविधानको धारा १५ मा नेपालको प्रत्येक नागरिकको परिचय खुल्ने गरी अभिलेख राख्ने व्यवस्था छ भने धारा ५१ (च) (५) "राष्ट्रिय आवश्यकता अनुसार सूचना प्रविधिको विकास र विस्तार गरी त्यसमा सर्वसाधारण जनताको सहज र सरल पहुँच सुनिश्चित गर्ने तथा राष्ट्रिय विकासमा सूचना प्रविधिको उच्चतम उपयोग गर्ने।", धारा ५१ (च) (७) "एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना

प्रणाली विकास गरी नागरिकका सबै प्रकारका सूचना र विवरणहरु एकीकृत रुपमा व्यवस्थापन गर्ने तथा यसलाई राज्यबाट उपलव्ध हुने सेवा सुविधा र राष्ट्रिय विकास योजनासँग आवद्ध गर्ने ।" धारा ५१ (च) (८) "जनसांख्यिक तथ्याकंलाई अद्यावधिक गर्दै राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने ।" धारा ४३ "आर्थिक रुपले विपन्न, अशक्त र असाहय अवस्थामा रहेका, असाहय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातीका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ।" संवैधानिक व्यवस्था रहेको छ।राष्ट्रिय परिचयपत्र व्यवस्थापन, पञ्जीकरण व्यवस्थापन र सामाजिक सुरक्षा कार्यक्रम व्यवस्थापनको क्रममा सरकारका विभिन्न नीति कार्यक्रम तथा बजेटमा प्रत्येक नागरिकलाई बहुउपयोगी राष्ट्रिय परिचयपत्रको रुपमा बायोमेट्रिक स्मार्टकार्ड वितरण गर्ने परिकल्पना गरेको देखिन्छ। विभिन्न दस्तावेजमा उल्लेख भएको सन्दर्भलाई राष्ट्रिय परिचयपत्र सम्बन्धी राष्ट्रिय नीतिको रुपमा विश्लेषण गरिएको छ।

**पन्ध्रौं योजना:** पन्धौं योजनाले नागरिकका सूचना र विवरण सहितको राष्ट्रिय परिचयपत्र प्रणाली विकास गरी अर्थतन्त्रको औपचारिकीकरण तथा सुशासन प्रवर्द्धन गर्ने उद्धेश्यका साथ राष्ट्रिय परिचयपत्र तथा घटना दर्ता कार्यक्रमलाई रुपान्तरणकारी आयोजना (Game Changer Program) का रुपमा लिएको ।

**नेपाल सरकारको नीति तथा कार्यक्रम (आ.व. २०७९/८०):** राष्ट्रिय परिचयपत्रलाई तदारुकताकासाथ वितरण गरिनेछ। यसलाई सबै प्रकारका सेवाप्रवाहमा क्रमश आवद्ध गर्दै लगिनेछ। व्यक्तिगत घटना दर्तालाई विधुतीय प्रणालीमा आवद्ध गरी वडास्तरसम्म विस्तार गरिनेछ। सामाजिक सुरक्षा कार्यक्रमलाई एकद्धार प्रणालीबाट सञ्चालन गरिनेछ।

**डिजिटल नेपाल फ्रेमवर्क, २०७६ मा रहेको व्यवस्था:** डिजिटल नेपाल फ्रेमवर्क कार्यक्रम कार्यान्वियन योजनामा क्र.सं. १४ को पहल/संकेत ०१.१४ मा राष्ट्रिय बायोमेट्रिक परिचयपत्र लागू गर्ने व्यवस्था रहेको छ।

**आ. व. २०७९/०८० को बजेट वक्तव्य:** आ.व. २०७८।७९ को बजेट मार्फत ७० लाख नागरिकको विवरण संकलन गरी ३० लाख नागरिकलाई राष्ट्रिय परिचयपत्र कार्ड वितरण गर्ने व्यवस्था गरिएको थियो भने आ व २०७९।०८० को बजेटमा विभिन्न बुँदाहरुमा यस्तो व्यवस्था गरिएको छः
<u>बुँदा नं १८६</u>: विपन्न, जेष्ठ नागरिक, एकल महिला र सिमान्तकृत वर्ग तथा समुदाय लक्षित सामाजिक सुरक्षा कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु। राजनितिक परिवर्तनको आन्दोलनमा बलिदान गर्ने परिवारको लागि प्रदान हुँदै आएको जिवनवृति रकमलाई निरन्तरता दिएको छु।
<u>बुँदा नं १८७ :</u> सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत हाल ७० वर्षमाथिको उमेर समुहका जेष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता प्रदान गरिएकोमा आगामि आर्थिक वर्षदेखि यसको दायरा बढाई ६८ वर्ष माथिका जेष्ठ नागरिकलाई समेत सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने व्यवस्था मिलाएको छु।सामाजिक सुरक्षा भत्ता नलिन स्वःघोषणा गर्ने लाभग्राहीहरुलाई सरकारद्धारा सम्मान गरिनेछ।
<u>बुँदा नं १८८:</u> सामाजिक संरक्षण र सुरक्षा कार्यक्रमलाई यथार्थपरक र वस्तुनिष्ठ रुपमा एकद्धार प्रणालीमार्फत सञ्चालन गर्न सामाजिक आर्थिक सूचना सहितको एकिकृत लगत राख्ने व्यवस्था मिलाइनेछ।

बुँदा नं ३५४: दुई वर्षभित्र सबै नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराइनेछ। आगामि आर्थिक वर्षभित्र थप २० लाख नागरिकहरुलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराइनेछ। वैयक्तिक सूचना प्रणालीलाई भरपर्दो र व्यवस्थित बनाउन व्यक्तिगत घटना दर्तालाई विधुतीय प्रणालीमा आबद्ध गरी सबै वडासम्म विस्तार गरिनेछ।

## गृह प्रशासन सुधार योजना, २०७८

### क) नीतिगत र कानूनी सूधार

- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ तथा नियमावली, २०७७ संशोधन गर्ने,
- १ वर्षभित्र व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यविधि तर्जुमा,
- १ वर्षभित्र एकिकृत सामाजिक लगत (ISR) सम्बन्धी कार्यविधि/मापदण्ड तर्जुमा गर्ने,
- अभियान अवधिभर राष्ट्रिय माहौल सिर्जना गर्ने र अन्तर आवद्धतामा सरोकारवाला निकायहरुको चासो र सरोकारमा अभिबृद्धि गर्ने।

### ख) शान्ति सुरक्षा र अपराध नियन्त्रण

- राष्ट्रिय परिचयपत्रको विवरण संकलन अभियानमा शान्ति सुरक्षाको आवश्यक व्यवस्था गर्नपर्ने,

### ग) संगठनात्मक सुधार एवं भौतिक पूर्वाधार निर्माण

- १ वर्षभित्रमा O& MSurvey गरी आवश्यक कर्मचारीको दरबन्दी कायम गर्ने।
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको लागि थप भवनको व्यवस्था गर्नुपर्ने,

### घ) जनशक्ति व्यवस्थापन तथा क्षमता विकास

- राष्ट्रिय परिचयपत्र, व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षासँग सम्बद्ध सबै निकायको निरन्तर संस्थागत क्षमता विकास गर्ने

### च) सेवा प्रवाह र सुशासन

- २ वर्षभित्र २ (दुई) करोड नागरिकको राष्ट्रिय परिचयपत्रको लागि विवरण संकलन गर्ने।
- २ वर्षभित्र १ (एक) करोड नागरिकलाई राष्ट्रिय परिचयपत्रको वितरण गर्ने।
- २ वर्षभित्र व्यक्तिगत घटना दर्ताको पहुँच विस्तार गरी ८० प्रतिशत सम्म पुर्याउने।
- २ वर्षभित्र अनलाईन व्यक्तिगत घटना दर्ता सम्पुर्ण (६७४३) वडामा विस्तार गर्ने।
- २ वर्षभित्र सबै स्थानीय तहबाट सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्न व्यवस्था मिलाउने।

### छ) अध्ययन अनुसन्धान तथा सूचना प्रविधिमा आधारित गृह प्रशासन

- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली (VERSP-MIS) लाई सुदृढीकरण गर्ने।

### ज) समन्वय सहजीकरण

- २ वर्षभित्र राष्ट्रिय परिचयपत्र व्यवस्थापन प्रणाली (NIDMIS) सँग अन्य निकायको सेवा प्रवाह सम्बन्धी रहेका विद्युत्तीय प्रणालीलाई आवद्ध गर्ने।

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको काम, कर्तव्य र अधिकार

- राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीको विकास, स्थापना र संचालन गर्ने।

- नागरिकका वैयक्तिक र जैविक विवरण संकलन, भण्डारण र प्रशोधन गर्ने।
- राष्ट्रिय परिचय नम्बर सहितको परिचयपत्र वितरण र सार्वजनिक सेवासँग आबद्धता गर्ने।
- व्यक्तिगत घटना दर्ता सम्बन्धी नीतिगत व्यवस्थापन गर्ने।
- व्यक्तिगत घटना दर्ता व्यवस्थापन सूचना प्रणालीको विकास, स्थापना र संचालन गर्ने।
- व्यक्तिगत घटनाको वैज्ञानिक रूपमा दर्ता एवं अभिलेखीकरण गर्ने।
- सामाजिक सुरक्षा भत्ता वितरणमा प्रभावकारिता ल्याउन नीतिगत व्यवस्थापन गर्ने।
- सामाजिक सुरक्षा भत्ता वितरणमा आधुनिकीकरण गर्ने।
- व्यवस्थापन सूचना प्रणालीको विकास गरी उक्त प्रणालीमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको विवरण प्रविष्टि र व्यवस्थापन गर्ने।

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा रहने कर्मचारी संख्या र कार्य विवरण

नेपाल सरकार

गृह मन्त्रालय

अनुसूची - १

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको संगठन संरचना

**महानिर्देशक**
स.स., रा.प.प्र. (प्रशासन) - १

**प्रशासन, योजना तथा अनुगमन शाखा**
निर्देशक, रा.प.द्वि. (प्र.सा.प्र.) - १

**प्रशासन**
शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
क.अधिकृत, रा.प.तृ.(विविध) - १
ना.सु., रा.प.अनं. (प्र./सा.प्र.) - २
क.अ., रा.प.अनं.प्र. (विविध) - १
ह.स.चा.श्रेणीविहीन (*करार*) - ५
का.स. श्रेणीविहीन (*करार*) - ६

**योजना अनुगमन तथा समन्वय**
शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - २

**जिन्सी**
शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
ना.सु., रा.प.अनं.प्र. (प्र./सा.प्र.) - १

**आर्थिक प्रशासन**
ले.अ., रा.प.तृ. (प्र./ले.) - १
ले.पा., रा.प.अनं.प्र. (प्र./ले.) - १

**राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा**
निर्देशक, रा.प.द्वि. (प्र.सा.प्र.) - १

**परिचयपत्र**
शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
ना.सु., रा.प.अनं. प्र. (प्र./सा.प्र.) - १
क.अ., रा.प.अनं.प्र. (विविध) - १

**पञ्जिकरण शाखा**
निर्देशक, रा.प.द्वि. (प्र.सा.प्र.) - १

**पञ्जिकरण**
शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
ना.सु., रा.प.अनं.प्र. (प्र./सा.प्र.) - १
क.अ., रा.प.अनं.प्र. (विविध) - १

**सामाजिक सुरक्षा शाखा**
निर्देशक, रा.प.द्वि. (प्र.सा.प्र.) - १

**सामाजिक सुरक्षा**
शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
ना.सु., रा.प.अनं.प्र. (प्र./सा.प्र.) - १
क.अ., रा.प.अनं.प्र. (विविध) - १

**सूचना प्रविधि शाखा**
सू.प्र.नि., रा.प.द्वि. (विविध) - १

**प्रणाली विकास, प्रशोधन तथा छपाई**
क. इन्जि., रा.प.तृ. (विविध) - २
क. अधिकृत, रा.प.तृ.(विविध) - १
क.अ., रा.प.अनं.प्र. (विविध) - १
क.टे., रा.प.अनं.प्र. (विविध) (*करार*) -८

**विद्युतिय सेवा समन्वय**
क. इन्जि, रा.प.तृ. (विविध) - १
त.अ., रा.प.तृ.(आ.यो.त.त.) - १
त. सहायक, रा.प.अनं.प्र. (आ.यो.त.त.) - १
क.टे. ,रा.प.अनं.प्र. (विविध) (*करार*)-४

## हाल विद्यमान रहेको जनशक्ति विवरण स्वीकृत दरबन्दी र पदपूर्ति (स्थायी र करारतर्फ)

| सि.नं. | पद | तह | सेवा/समूह | स्वीकृत दरवन्दी | पदपूर्ति | | | रिक्त |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | काज | करार | |
| १ | महानिर्देशक | रा.प.प्रथम | नेपाल प्रशासन | १ | १ | - | - | ० |
| २ | निर्देशक | रा.प.द्वितीय | नेपाल प्रशासन | ४ | ४ | - | - | ० |
| ३ | सूचना प्रविधि निर्देशक | रा.प.द्वितीय | नेपाल विविध | १ | १ | - | - | ० |
| ४ | शाखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन | १० | ७ | ३ | - | ० |
| ५ | लेखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन, लेखा | १ | १ | - | - | ० |
| ६ | कम्प्युटर अधिकृत | रा.प.तृतीय | नेपाल विविध | २ | २ | - | - | ० |
| ७ | कम्प्युटर इन्जिनियर | रा.प.तृतीय | नेपाल विविध | ३ | २ | - | - | १ |
| ८ | नायब सुब्बा | रा.प.अनं.प्रथम | नेपाल प्रशासन | १८ | ६ | ५ | - | ७ |
| ९ | लेखापाल | रा.प.अनं.प्रथम | नेपाल प्रशासन, लेखा | १ | १ | - | - | ० |
| १० | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | नेपाल विविध | ५ | ३ | - | १ | १ |
| ११ | तथ्यांक अधिकृत | रा.प.तृतीय | नेपाल आर्थिक योजना तथा तथ्याङ्क | १ | ० | - | - | १ |
| १२ | तथ्यांक सहायक | रा.प.अनं.प्रथम | नेपाल आर्थिक योजना तथा तथ्याङ्क | १ | १ | - | - | ० |
| १३ | कम्प्युटर इन्जिनियर | रा.प.तृतीय | | १० | - | - | ९ | १ |
| १४ | कम्प्युटर टेक्निसियन | रा.प.अनं.प्रथम | | १२ | - | - | ९ | ३ |
| १५ | विवरण दर्ता अपरेटर | | | १०६६ | - | - | ८९० | १७६ |
| १६ | हलुका सवारी चालक | श्रेणीविहीन | | ५ | - | - | ५ | ० |
| १७ | कार्यालय सहयोगी | श्रेणीविहीन | | ८ | - | - | ८ | ० |
| **जम्मा** | | | | ११४९ | २९ | ८ | ९२१ | १९० |

| सि.नं. | पद | तह | सेवा/ समूह | स्वीकृत दरवन्दी | पदपूर्ति करार | रिक्त |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | Senior Procurement Specialist | | | १ | १ | ० |
| २ | Financial Management Specialist | | | १ | ० | १ |
| ३ | Payment Specialist | | | १ | ० | १ |
| ४ | Monitoring and Evaluation Specialist | | | १ | ० | १ |
| ५ | Communication  Specialist | | | १ | ० | १ |
| ६ | Communication Officer | | | १ | १ | ० |
| ७ | Procurement Officer | | | १ | ० | १ |
| ८ | Program Officer | | | १ | ० | १ |
| ९ | MIS Team Leader | | | १ | १ | ० |
| १० | System Analyst | | | २ | १ | १ |
| ११ | Senior Database Analyst | | | १ | १ | ० |
| १२ | Grievance Manager | | | १ | ० | १ |
| १३ | Senior Software Developer | | | १ | १ | ० |
| १४ | Senior Support Engineer | | | १ | ० | १ |
| १५ | MIS Developer/ Programmer | | | ४ | ३ | १ |
| १६ | MIS Training Support Staff | | | ४ | २ | २ |
| १७ | Technical Document Writer | | | १ | ० | १ |
| १८ | Assistant DBA | | | २ | ० | २ |
| १९ | Senior Account Assistant | | | १ | १ | ० |
| २० | Account Assistant | | | ३ | ० | ३ |
| २१ | Project Admin Assistant | | | २ | २ | ० |
| २२ | MIS Operator | | | १००० | ९९८ | २ |
| २३ | Field Assistant | | | १००० | ९९७ | ३ |
| २४ | Driver (Support Staff) | | | २ | २ | ० |
| २५ | Office assistant (Support Staff) | | | २ | २ | ० |
| **जम्मा** | | | | **२०३६** | **२०१३** | **२३** |

सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना (SSSPCR) को आयोजना व्यवस्थापन इकाईमा कार्यरत

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको शाखा र जिम्मेवार अधिकारी

- पञ्जीकरण शाखाः निर्देशक, श्री मीना अर्याल, सम्पर्क नं ९८५१३००५२१
- प्रशासन, योजना तथा अनुगमन शाखाः निर्देशक, श्री लक्ष्मण ढकाल, सम्पर्क नं ९८५१३००५२२
- राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखाः निर्देशक, श्री कृष्ण पौडेल, सम्पर्क नं ९८५१३००५१९
- सूचना प्रविधि शाखाः सूचना प्रबिधि निर्देशक, श्री मुकेश रेग्मी, सम्पर्क नं ९८५१३००५२०
- सामाजिक सुरक्षा शाखाः निर्देशक, श्री सागरमणि पाठक, सम्पर्क नं ९८५१३००५१८

<u>राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट प्रदान गरिने सेवा</u>

१) प्रत्येक नेपाली नागरिकहरुलाई वैयक्तिक र जैविक विवरण सहितको स्मार्ट कार्ड प्रविधिमा आधारित परिचयपत्र उपलब्ध गराउने र सोको व्यवस्थापन गर्ने,

२) व्यक्तिगत घटना दर्ताको व्यवस्थापन गर्ने,

३) सामाजिक सुरक्षा भत्ताको कार्यक्रम व्यवस्थापन गर्ने।

<u>सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः</u> राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ र नियमावली, २०७७ बमोजिम

<u>निर्णय गर्ने प्रक्रिया र अधिकारीः</u> सम्बन्धित शाखाबाट पेश भएको टिप्पणीको आधारमा महानिर्देशकबाट निर्णय हुने।

<u>निर्णय उपर उजुरी सुन्ने अधिकारीः</u> महानिर्देशक

<u>पहिलो त्रैमासिक (२०७९ श्रावणदेखि असोजसम्म) सम्पादित कार्य विवरणः</u>

## १. <u>राष्ट्रिय परिचयपत्र तर्फ</u>

➢ <u>राष्ट्रिय परिचयपत्रको लागि नागरिकको विवरण संकलन;</u>

- हालसम्मः ९५५१५१५ जना (अभियानमार्फत ७४३४०३२ र इकाईमार्फत २११७४८३)

➢ <u>२०७९ असोजमसान्तसम्म अभियान सम्पन्न</u>

- जिल्लाः ताप्लेजुङ, पाँचथर, संखुवासभा, ओखलढुङ्गा, झापा, तेह्रथुम, उदयपुर, खोटाङ, सल्यान, गुल्मी, पाल्पा, नवलपरासी (बर्दाघाट सुस्ता पूर्व), चितवन, सिन्धुली, काभ्रेपलाञ्चोक, कन्चनपुर, अछाम,

डडेलधुरा, डोटी, मनाङ, नवलपरासी (बर्दाघाट सुस्ता पश्चिम), कास्की, मकवानपुर, भोजपुर, इलाम, सुर्खेत, कैलाली, स्याङ्जा, भक्तपुर, धनकुटा, सर्लाही, सिन्धुपाल्चोक, रुकुम (पश्चिम), तनहूँ, पर्वत, सप्तरी, रुपन्देही, बैतडी, सुनसरी। (३९ जिल्ला)

- स्थानीय तह: ४२६ वटा
- वडा: ३९३५ वटा

➢ <u>२०७९ असोज मसान्तसम्म अभियान सञ्चालनमा रहेका जिल्ला:</u>

- मोरङ, ललितपुर, कपिलवस्तु, मुस्ताङ, बर्दिया, दोलखा, काठमाडौं, गोरखा, बाग्लुङ, दार्चुला, दाङ, सिराहा, धनुषा, धादिङ। (१४ जिल्ला)

➢ **<u>२०७९ श्रावण देखि असोजसम्मको मासिक विवरण संकलन :</u>**

| महिना | जम्म विवरण संकलन संख्या (जना) | अभियान मार्फत विवरण संकलन संख्या (जना) | दर्ता इकाई स्टेशन मार्फत विवरण संकलन संख्या (जना) | अभियान सम्पन्न जिल्ला संख्या (वटा) | अभियान सम्पन्न स्थानीय तह संख्या (वटा) | अभियान सम्पन्न वडा संख्या (वटा) |
|---|---|---|---|---|---|---|
| श्रावण | ५१५६६४ | ३००२५३ | २१५४११ | ३ | १४ | १४३ |
| भाद्र | ६०७८९१ | ४२१५३३ | १८६३५८ | - | १८ | १७९ |
| असोज | ३५२९१४ | २११८८५ | १४१०२९ | १ | ११ | १११ |
| **जम्मा** | **१३५४५५२** | **९८९४७५** | **३६५०७७** | ४ | ४३ | ४३३ |

➢ <u>तालिम</u>

- काठमाडौंको तारकेश्वर नगरपालिमा ३८ जना, नागार्जुन नगरपालिकामा २७ दार्चुला जिल्लामा ३२ जना, गोरखा जिल्लामा २३ र बागलुङ जिल्लामा ३३ जना गरी जम्मा **१५३ जना रुजु** अधिकारीलाई तालिम दिइएको
- दाङमा ४८ र काठमाडौंको टोखामा ३१ गरी ७९ जना रुजु अधिकारीलाई तालिम सम्पन्न।
- धादिङ जिल्ला र बुढानिलकण्ठ नपामा ३७ र ३२ गरी ६९ जना रुजु अधिकारीलाई राष्ट्रिय परिचयपत्र विवरण संकलन सम्बन्धी तालिम प्रदान गरिएको।
- धनुषा र सिराहा जिल्लामा १६३ जनालाई राष्ट्रिय परिचयपत्र अभियान सञ्चालनसम्बन्धी जिल्लास्तरीय समन्वय तथा अन्तरकृया कार्यक्रम सम्पन्न।
- धादिङ जिल्लामा राष्ट्रिय परिचयपत्र कार्यक्रम सम्बन्धी ७६ जनाको सहभागितामा जिल्लास्तरीय समन्वय तथा अन्तरकृया कार्यक्रम सम्पन्न।

## २. पञ्जीकरण तर्फ

- सन् २०२३ को जुन महिनामा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना (SSSPCR) को अवधि सकिने तर एकिकृत सामाजिक लगत (ISR) को कार्य सो अवधिमा नसकिने भएकोले सन् २०२४ जुन सम्म आयोजनाको म्याद थप गर्नको लागि मितिः २०७९।०६।०९ गते सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना प्राविधिक समितिको बैठकको निर्णयानुसार गृह मन्त्रालयमा सिफारिस गरी पठाइएको।
- SSSPCR आयोजना निर्देशिकामा Integrated social Registry को सम्भोग (Component) थप गर्न सोको Project Operation Manual (नेपाली Version) स्वीकृतिका लागि गृह मन्त्रालयमा सिफारिस गरी पठाइएको ।
- व्यक्तिगत घटना दर्ताको तथ्यांक प्रशोधन गरी जनसांख्यिक सूचक उत्पादन तथा प्रकाशन गर्नको लागि केन्द्रीय तथ्यांक विभागसँग समझदारी पत्रमा हस्ताक्षर भएको ।
- गृह सचिवज्यूको अध्यक्षतामा यस विभाग अन्तर्गत सञ्चालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना (SSSPCR) को Portfolio Review Meeting सम्पन्न भएको।
- स्वतः बदर हुने विवाहको परिणामबाट जन्मिएका बच्चाहरुको जन्मदर्ता गर्नको लागि हुँदै आएको दुबिधालाई प्रष्ट हुने गरि स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, ईलाका प्रशासन कार्यालय सबैलाई परिपत्र गरिएको ।

➢ **अनलाईन मार्फत असोज मसान्तसम्म भएका व्यक्तिगत घटना दर्ता सम्बन्धी कूल विवरण:**

- अनलाईन व्यक्तिगत घटना दर्ता गर्ने वडा संख्या – ६४२०
- जन्म -२१६०६५२
- मृत्यु - ५४५१६०
- विवाह - ८६८८३२
- सम्बन्ध विच्छेद - ३१९२३
- बसाई सराई - ४९४२२१
- **कूल जम्मा घटना दर्ता संख्या – ४१००७८८**

➢ **अनलाईन मार्फत श्रावण देखि असोजसम्म मासिक रुपमा भएका व्यक्तिगत घटना दर्ता सम्बन्धी विवरण:**

| महिना | अनलाईन मार्फत दर्ता भएका संख्या (वटा) | | | | | | अनलाइन मार्फत शुरुवात गर्ने वडा संख्या (वटा) |
|---|---|---|---|---|---|---|---|
| | जन्म | मृत्यु | विवाह | बसाइ सराइ | सम्बन्ध विच्छेद | जम्मा | |
| श्रावण | ७२४११ | २००५५ | २९३२९ | २९२६२ | १७०१ | १५२७५८ | १०० |
| भाद्र | ७१६८६ | १६४९६ | २६३७४ | २०८३६ | १७४६ | १३७१३८ | १०३ |
| असोज | ४५६६८ | ११४६४ | २०७६६ | १०६८९ | ११५१ | ८९७३८ | १५ |
| **जम्मा** | **१८९७६५** | **४८०१५** | **७६४६९** | **६०७८७** | **४५९८** | **३७९६३४** | **२१८** |

## ३. सामाजिक सुरक्षा कार्यक्रम तर्फ

- सामाजिक सुरक्षा नियमावली (प्रथम संशोधन), २०७६ को नियम (९) र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) अनुसार सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुको सकेसम्म चाँडै नवीकरण गरी पहिलो त्रैमासिक निकासावाटै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सुनिश्चितता गर्न भनी सबै स्थानीय तहहरुमा मिति २०७९/४/१ मा पत्राचार गरिएको। सामाजिक सुरक्षा भत्ताका ३५,७४,२५८ लाभग्राही मध्ये हालसम्म (श्रावण मसान्तसम्म) १०,५१,८८० जना लाभग्राहीहरुको परिचयपत्र नवीकरण भएको।
- बैंकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी बैंकिङ समस्या समाधान तथा सहजीकरण समितिको वैठक मिति २०७९/४/३१ गते सम्पन्न भएको।
- राजनीतिक परिवर्तनको आन्दोलनमा बलिदान गर्ने परिवारको लागि जीवनवृत्तिवापत मासिक रकम उपलब्ध गराउने सम्बन्धी, कार्यविधि २०७९ मस्यौदा उपर गृह मन्त्रालयलाई राय पठाइएको।
- गत आ.व.२०७८/०७९ को सामाजिक सुरक्षा भत्ता रकम फ्रिज गरि चौथो त्रैमासिक वितरणका लागि ३ वटा स्थानीय तहहरुमा रु ३,१९,५४,१४३ अख्तियारी पठाईएको ।
- चालु आ.व. २०७९/०८० मा जम्मा रु १ खर्ब ०५ अर्ब ७० करोड ५० लाख बार्षिक अख्तियारी पठाईएकोमा असोज मसान्त सम्म कोष तथा लेखा नियन्त्रक कार्यालयबाट जम्मा रु १८ अर्ब १० करोड ३४ लाख ३५ हजार निकासा खर्च भएको देखिन्छ ।
- Save the Children को सहयोगमा रौतहट जिल्लाको बौद्धिमाई नगरपालिका, बाराको बिश्रामपुर गाउँपालिका, सिरहाको कर्जन्हा नगरपालिका, सप्तरीको अग्नीसाइर कृष्णासवरन गाउँपालिका, महोत्तरीको लोहारपट्टी नगरपालिका, मोरङ्गको वेलबारी र सुन्दरहरैंचा नगरपालिकामा जम्मा २००

जना जनप्रतिनिधि र कर्मचारीहरुका लागि सामाजिक सुरक्षा तथा घटना दर्ता सम्बन्धी अभिमुखीकरण तालिम सम्पन्न भएको।

- दार्चुला जिल्लामा ५५ जना, गोरखा जिल्लामा ४५ जना र बागलुङ जिल्लामा ३३ जना गरी जम्मा **१३३ जना** जनप्रतिनिधि, जिल्ला प्रशासन कार्यालय र स्थानीय तहका कर्मचारीलाई अभिमुखीकरण सम्पन्न।
- सर्लाही र महोत्तरी जिल्लाका ४ वटा पालिकाहरुका १३० र चितवनमा ४० गरी जम्मा १७० जनालाई सामाजिक सुरक्षा तथा घटना दर्ता सम्बन्धी अभिमुखीकरण कार्यकम सम्पन्न ।
- सोलुखुम्बु जिल्लाको खुम्बु पासाङ्ल्याह्मु गा पा मा ३० जनालाई सामाजिक सुरक्षा तथा घटना दर्ता सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न ।
- बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्न बैंकसँग सम्झौता गरेका स्थानीय तहको संख्या हालसम्म ७३८ रहेको।

➢ **असोज मसान्तसम्म सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको संख्या:**

- जेष्ठ नागरिक (६८ वर्ष भन्दा माथि) १४२५९२६ (३९.९१%)
- जेष्ठ नागरिक (क्षेत्र तोकिएको ६० वर्ष उमेर पुगेका) १६०९७(०.४५%)
- जेष्ठ नागरिक दलित (६० वर्ष उमेर पुगेका) १५१३२२ (४.२४%)
- जेष्ठ नागरिक (एकल महिला) २१६०६६ (६.०५%)
- विधवा ३५०५१३ (९.८१%)
- पुर्ण अपाङ्गता (क वर्ग) ६१९८१ (१.७३%)
- अति अशक्त अपाङ्गता (ख वर्ग) १२३६७९ (३.४६%)
- लोपोन्मुख जाती २१९९७ (०.६२%)
- लोपोन्मुख जाति (बालबालिका) २४३ (०.०१%)
- बालबालिका (दलित) ४०५७७३ (११.३६%)
- बालबालिका (क्षेत्र तोकिएको) ७९९३४० (२२.३७%)

**लाभग्राहीको संख्या कुल जम्मा ३५,७२,८५४**

<u>प्रशासन र योजना तर्फ</u>

➢ आ.व. २०७८/७९ को वार्षिक प्रगति समिक्षाको २ दिने गोष्ठि सम्पन्न,

<u>गुनासो सम्बोधन तर्फ</u>

- असोज महिनासम्म गुनासो व्यवस्थापन प्रणाली मार्फत प्राप्त गुनासो दर्ता भएको संख्या: ४४५ वटामध्ये विभागसँग सम्बन्धित ४२९ सम्बोधन गरिएको र बाँकी १६ वटा प्रक्रियामा रहेको,

- असोज महिनासम्ममा ईमेल मार्फत प्राप्त भएका गुनासो कुल जम्मा २२२ वटा गुनासो रहको मध्ये २२२ वटै सम्बोधन गरिएको।
- असोज महिनासम्ममा हेलो सरकार मार्फत प्राप्त गुनासा २०० वटामध्ये १९१ वटा फर्छ्यौट भएको र ९ वटा प्रकृयामा रहेको।

## चालु आ.व.असोज मसान्तसम्मको भौतिक प्रगति

आ.व. २०७९/०८० असोज मसान्तसम्मको Milestone प्रगति विवरण

| कार्यक्रम | मुख्य क्रियाकलाप संख्या | Milestone को संख्या | Milestone को संख्याको आधारमा प्रगति अवस्था | | | |
|---|---|---|---|---|---|---|
| | | | (८०-१००% प्रगति) | आंशिक (५०-८०% प्रगति) | आंशिक (२०-५०% प्रगति) | आंशिक (०-२०% प्रगति) |
| राष्ट्रिय परिचयपत्र तथा व्यक्तिगत घटना दर्ता | १० | १९ | ७ | ३ | १ | ८ |
| सामाजिक सुरक्षा तथा | ४ | १० | ४ | - | - | ६ |
| **जम्मा** | १४ | २९ | ११ | ३ | १ | १४ |
| **प्रगति प्रतिशत** | | | ३८ | १०.३४ | ३.४४ | ४८.२७ |

## वित्तीयतर्फ प्रगति

**ब उ शि नं ३१४०१०११३/४ चालु आव २०७९/८० को खर्चको स्थिति विबरण/खर्च प्रतिशत (रकम रु हजारमा)**

| बजेटको प्रकार | कुल बजेट | | | असोज महिनासम्मको जम्मा खर्च | | | खर्च प्रतिसत | |
|---|---|---|---|---|---|---|---|---|
| | GoN | IDA | जम्मा | GoN | IDA | जम्मा खर्च | GoN | IDA |
| पुँजिगत | २७६७०० | ९२१०० | ३६८८०० | ५९८५६ | - | ५९८५६.५० | २१.६३ | - |
| चालु | १४८५८७२ | १९८३४० | १६८४२१२ | १०१९२०९.३५ | ३२५०.८४ | १०२२४६०.१९ | ६८.५९ | १.६४ |
| **जम्मा** | १७६२५७२ | २९०४४० | २०५३०१२ | १०७९०६५.८५ | ३२५०.८४ | १०८२३१६.६९ | ५२.७२ | |

## सूचना अधिकारी र प्रमुखको नाम र पदः

प्रमुखः महानिर्देशक, श्री तिर्थराज भट्टराई

सूचना अधिकारीः निर्देशक, श्री लक्ष्मण ढकाल

## ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः

- मुलुकी देवानी संहिता, २०७४ र मुलुकी देवानी कार्यविधि संहिता, २०७४

- नेपाल सरकार कार्यविभाजन नियमावली (गृह मन्त्रालयको कार्यक्षेत्रमा परेको)
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, (पहिलो संशोधन) २०७८
- सामाजिक सुरक्षा ऐन, २०७५ तथा नियमावली, २०७६
- सामाजिक सुरक्षा भत्ता वितरण सम्वन्धी कार्यविधि, २०७७
- राष्ट्रिय परिचयपत्र व्यवस्थापन सम्बन्धी आर्थिक निर्देशिका, २०७७
- राष्ट्रिय परिचयपत्र कार्यक्रम सञ्चालन कार्यविधि २०७७
- राष्ट्रिय परिचयपत्र व्यवस्थापन रणनीतिक योजना, २०७५/७६ - २०७७/७८
- सामाजिक सुरक्षा ऐन, २०७५ को पहिलो संशोधन अध्यादेश, २०७७ स्वीकृत भई कार्यान्वयनमा रहेको,
- विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति ,२०७४ को पहिलो संसोधन, २०७६
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना सञ्चालन निर्देशिका, २०७४ (दोश्रो संशोधन, २०७६)
- व्यक्तिगत घटना दर्ता तथा तथ्यांक व्यवस्थापन रणनीति, २०७६ (Strategy of Civil Registration and Vital Statics, 2019)
- नेपाल सरकारका निर्णय तथा परिपत्रहरु,

**राष्ट्रिय परिचयपत्रको वेभसाईट भए सोको विवरण:** https://donidcr.gov.np

**कार्यालय सम्पर्क नं.:** ०१४२०००१४

**सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता र ऋण, अनुदान एवम् प्राविधिक सहयोग वा सम्झौता सम्बन्धी विवरण:** विश्व बैंकको सहयोगमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना (SSSPCR) संचालन भईरहेको।

**सार्वजनिक निकायमा परेको सूचना माग सम्वन्धी निवेदन र सो उपर सूचना दिइएको विषयः** औपचारिक रूपमा सूचना माग नभएपनि विभागसँग सम्बन्धित सूचनाहरू सम्प्रेशण भैरहेको।

समाप्त